प्रदेश सरकार

लुम्बिनी प्रदेश

सामाजिक विकास मन्त्रालय

शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

## गजेहडा, कपिलवस्तु

**प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**( पहिलो पटक प्रकाशित मिति :- २०७७/१०/२० )**

यस कार्यालयको चालु आ.व.२०७७/०७८ मा प्रारम्भिक (संक्षिप्त) छनौट सूचीमा सुचिकृत भएका तालिम प्रदायक (व्यक्ती, फर्म, कम्पनी वा संस्था) बाट सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३१ बमोजिम तपसिल बमोजिमका विभिन्न विषयको व्यवसायिक तथा सीपमूलक तालिमको प्रस्ताव माग गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र यस कार्यालयले उपलब्ध गराएको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव तालिम क्षेत्र र विषय अनुसार छुट्टा छुट्टै खाममा शिलबन्दी लाहाछाप लगाई सिलबन्दी दर्ता गर्न सकिनेछ र अन्तिम दिन विदा परेमा सोको लगतै कार्यालय खुलेको दिन १२:०० वजे भित्र प्रस्ताव दर्ता गर्न सकिनेछ । प्रस्तावको विस्तृत सूचना र शर्त यस कार्यालयको स्थलगत अवलोकन गरी हेर्न सकिनेछ ।

१. प्रस्तावित तालिम कार्यक्रमको खर्च यस कार्यालयको वार्षिक वजेटबाट व्यहोरिनेछ ।

२. चालू आ.ब. मा संचालन हुने तालिमको कार्यक्षेत्र तथा विषयहरु

| क्र.स. | जिल्ला | तालिमको विषय | तालिम अवधि (महिना । घण्टा ) | सहभागी संख्या |
|---|---|---|---|---|
| क | कपिलवस्तु | दलित तथा विपन्न महिलाहरुको लागि ३ मिहने सिलाइकटाई तह १ | ३ महिना (३९० घण्टा ) | २० |
| ख | कपिलवस्तु | महिलाहरुको सिप विकासको लागि ३ महिने कम्पयुटर बेसिक | ३ महिना (३९० घण्टा ) | २० |
| ग | कपिलवस्तु | औपचारिक तथा अनौपचारिक क्षेत्रका महिलाहरुको लागि गुडिया बनाउने | १५ दिन | २० |
| घ | अर्घाखाँची | महिलाहरुको सिप विकासको लागि ३ महिने सिलाईकटाई तह १ | ३ महिना (३९० घण्टा ) | २० |
| ङ | अर्घाखाँची | औपचारिक तथा अनौपचारिक क्षेत्रका महिलाहरुको लागि सरफ सावुन | १५ दिन | २० |
| च | अर्घाखाँची | अपाङ्ता भएका व्यक्तिहरुका लागि सरफ सावुन वनाउने | १ महिना ( १६० घण्टा ) | २० |

तालिमको कार्यक्षेत्र र सो क्षेत्रको विषयमा मात्र प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ ।

३. तालिम सञ्चालन गर्नुपर्ने स्थान :- लुम्बिनी प्रदेश अन्तर्गतका कपिलपस्तु र अर्घाखाँची

४. इच्छुक प्रस्तावदाता व्यक्ति, फर्म, संस्था वा कम्पनीको योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

(क) फर्म, संस्था वा कम्पनी सम्बन्धित कार्य गर्ने गरी दर्ता र नवीकरण भएको ।

(ख) स्थायी लेखा नं. र मूल्य अभिवृद्धि करमा दर्ता भएको ।

नरेन्द्र बेल्वासे

कार्यालय प्रमुख

(ग) समान प्रकृतिको काममा कम्तीमा ३ (तीन वर्ष ) वर्ष देखि कार्य गरेको अनुभव भएको, प्राविधिक क्षमता, आर्थिक क्षमता, अनुभव र योग्यता सम्वन्धित विषयमा सीप परिक्षण तह १ तालिम दिलाउने कामको लागि ग्राह्य भएको ।

(घ) प्रस्ताव फाराम पेश गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीको उद्देश्यसंग सम्बन्धित तालिम संचालन गर्न मिल्ने हुनुपर्ने ।

(ङ) कुनै निकायबाट स्वीकृति लिई सञ्चालन गर्नुपर्ने तालिमको हकमा सो निकायबाट स्वीकृति लिएको पत्र पेश गर्नु पर्नेछ ।

५. प्रस्तावदाताको जनशक्तिको संरचना र कार्य विभाजनको बुँदाले माग गरेका योग्यता, अनुभव र क्षमताको लागि पेश गर्नुपर्ने विवरण र कागजात प्रस्ताव फाराममा उल्लेख भए अनुसार हुनेछ । तालिम संचालनका लागि आशय पेश गर्दा संलग्न गरेको जनशक्तिमध्ये ९० प्रतिशत हुनु पर्ने साथै १० प्रतिशत फेरिन सक्ने गरि थप जनशक्ति प्रस्तावदाताले प्रस्ताव गर्न सकिनेछ ।

६. अनुभव गणना गर्दा एउटै तालिम प्रदायक व्यक्ति,कम्पनी,संस्था वा फर्मको मात्र मान्यता दिइनेछ । एउटै व्यक्तिको फरक र फरक कम्पनी र संस्थाको अनुभव गणना गरिने छैन ।

७. प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने समयावधि तालिमको अविधी अनुसार चालू आर्थिक वर्षसम्म रहनेछ ।

८. प्रस्ताव फाराम प्रस्तुतकर्ता व्यक्ति, फर्म, कम्पनि वा संस्थाको यस कार्यालयबाट स्थलगत अवलोकन गर्न सकिनेछ ।

९. प्रस्तावदाताहरुबाट पेश गरिने सम्पूर्ण कागजातहरुको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित गरिएको हुनुपर्नेछ ।

१०. यो सूचना प्रकाशित मितिले ३० औं (तिस) दिनको कार्यालय समय भित्र **सामाजिक विकास डिभिजन कार्यालय गजेहडा , कपिलवस्तुमा** प्राविधिक र आर्थिक प्रस्ताव फाराम शिलबन्दी गरी दर्ता गर्नुपर्नेछ।अन्तिम मितिको दिन बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन १२:०० वजेसम्म कार्यालयमा दर्ता गर्नुपर्नेछ।म्याद नाघी प्राप्त भएको वा रीत नपुगी प्राप्त प्रस्ताव फाराम उपर कुनै कारवाही गरिने छैन ।

११. प्रस्ताव फाराम कुनै कारण जनाइ वा नजनाई छनौट गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१२. यस सम्बन्धी थप जानकारीको लागि यस कार्यालयको योजना/अनुगमन शाखा वा फोन नं. ०७६५५०४६८ मा सम्पर्क गर्न सकिनेछ ।

१३. प्राविधिक र आर्थिक प्रस्ताव मूल्यांकनका आधारहरु प्रस्ताव फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

१४. यस सूचनामा उल्लेखित भए बाहेकका विषय एवं खरीद संझौता उल्लंघनका शर्त तथा उपचारका विधिहरु सम्बन्धमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीमा उल्लेख भएका प्रावधानहरु यस प्राविधिक र आर्थिक प्रस्तावमा स्वत: समावेश भएको मानिनेछ ।

२०७८/१०/२०

नरेन्द्र बेल्वासे

कार्यालय प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय
सामाजिक विकास डिभिजन कार्यालय
गजेहडा, कपिलवस्तु

नरेन्द्र बेल्वासे
कार्यालय प्रमुख